

**गिट्टी कुट्दै महिला मजदूर** | लकडाउनको समयमा अन्य काम नचलेका कारण छाक टार्न गाह्रो भएपछि सडक छेउका ढुङ्गा कुटेर गिट्टी बनाउँदै बागलुङको बरेङ गाउँपालिका-१ धुल्लुबाँस्कोटका महिला मजदूर । उनीहरूले कुटेको गिट्टी स्थानीय पूर्वाधार निर्माण गर्ने कम्पनीले प्रति ट्र्याक्टर १० हजारमा लैजाने गरेका छन् । तस्बिर : तारानाथ आचार्य

# ज्यान मार्ने धम्कीपछि स्वास्थ्यचौकी बन्द

**बाँके**-खजुरा गाउँपालिका-७ सोनपुरस्थित स्वास्थ्यचौकीमा ताला लगाइएको छ । स्वास्थ्यकर्मी तथा कर्मचारीमाथि ज्यान मार्ने धम्कीपछि स्वास्थ्यचौकी बन्द गरिएको हो । स्वास्थ्यचौकीमा नजन्मेको शिशुलाई त्यहीँ जन्मेको प्रमाणीकरण गरिदिनुपर्ने माग अस्वीकार गर्दा ज्यान मार्ने धम्की आएपछि यसअघि स्वास्थ्यकर्मी र कर्मचारीले प्रहरीसँग सुरक्षा माग गरेका थिए ।

उनीहरूले कर्मचारीलाई कार्यालय बाहिर भेटे हातखुट्टा भाँच्नेसम्मको धम्की दिएको र कार्यालयमा आई कर्मचारीमाथि अभद्र व्यवहार गरेको स्वास्थ्यचौकी इञ्चार्ज सुदीप पौडेलले बताए। कार्यालय परिसरमै आएर स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीलाई ज्यान मार्ने धम्की दिएपछि मंगलबारदेखि स्वास्थ्यचौकी बन्द गरिएको छ ।

कार्यालय परिसरमै आएर ज्यान मार्ने धम्की दिएका कारण काम गर्ने वातावरण नभएकाले सुरक्षाको प्रत्याभूति दिलाउन धम्की दिनेमाथि कानूनी कारवाही गर्न यसअघि इलाका प्रहरी कार्यालय धनौलीमा लिखित निवेदन दिइएको थियो । चौकी इञ्चार्ज पौडेलका अनुसार स्वास्थ्यचौकीमा नजन्मेको शिशुलाई स्वास्थ्यचौकी मै जन्मेको प्रमाणीकरण गरिदिन दवाब दिएपछि उक्त दवाब आफूले अस्वीकार गर्दा भाटसहितका व्यक्तिले ज्यान मार्ने धम्की दिएका हुन् ।

वैशाख २६ गते स्वास्थ्यचौकीमा प्रसूति गराउन आएकी रफी भाटकी श्रीमतीलाई स्वास्थ्यचौकीका कर्मचारीले सुत्केरी व्यथा नलागेको भन्दै घर फर्काएका थिए । घरमै सुत्केरी भए पनि स्वास्थ्यचौकीमै शिशु जन्मिएको प्रमाणीकरण हुनुपर्ने भाटको माग अस्वीकार गर्दा उनको समूहले कार्यालयमा आएर कर्मचारीमाथि दुर्व्यवहार गर्नाका साथै ज्यान मार्ने धम्की दिएको थियो ।

कोरोना भाइरसको संक्रमणका आशंकामा स्वास्थ्यकर्मीले धमाधम स्वाब संकलन गरिरहेका बेला धम्की आएपछि स्वास्थ्यचौकीको सेवा प्रभावित भएको छ । इप्रका धनौलीका इञ्चार्ज प्रहरी निरीक्षक प्रहरी पोषणराज थपलियाले घटनाबारे अनुसन्धान भइरहेको बताए । रासस

## संक्षिप्त

### पत्रिकाका प्रकाशकलाई हातपात गर्ने पक्राउ

**बारा(प्रस)**-तराई मधेश राष्ट्रिय दैनिक पत्रिकाका प्रकाशकलाई हातपात गरेको अभियोगमा कलैया उपमहानगरपालिका-२ स्थित पिलुवा सडकबाट २ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कलैया उपमहानगरपालिका-३ भवानीपुर टोल बस्ने २३ वर्षीय छोटु भन्ने ईरफान मन्सुर र सोही उपमहानगरपालिका-१ बस्ने २५ वर्षीय नारायण सरार्फ रहेका छन् । सोही सडकमा मोटरसाइकल चढी घरतर्फ जाँदै गरेका उक्त दैनिक पत्रिकाका प्रकाशकलाई उनीहरूले हातपात तथा दुर्व्यहार गर्ने कार्यमा संलग्न भएपछि उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई अभद्र व्यवहार मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

### सवारी दुर्घटनामा दुईको मृत्यु

**कैलाली(प्रस)**-गौरीगंगा नगरपालिका-६ बनबेहडास्थित सडकमा सु.प.प्र.०२-००३ प ३३२७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पोलमा ठक्किएर सोमबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक घोडाघोडी नगरपालिका-१ बस्ने ५० वर्षीय धिरेन्द्र शाहीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १५ वर्षीय माईकल शाहीको सोही अस्पतालमा उपचार भइरहेको छ ।

यसैगरी कैलाली, धनगढी उपमहानगरपालिका-१३ राजपुरस्थित सडकमा म.१ प ९३२६ नम्बरको स्कुटर अनियन्त्रित सोमबार साँझ दुर्घटना हुँदा स्कुटर चालक धनगढी उपमहानगरपालिका-३ केदार टोल बस्ने २० वर्षीय दिर्घ ऐरीको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनलाई आराधना मेडिकल चटकपुर धनगढीमा सामान्य उपचार पश्चात घर गएकोमा पुनः निषर्ग अस्पताल धनगढीमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### भरूवा बन्दुकसहित पक्राउ

**रुकुम (पूर्व)(प्रस)**-भूमे गाउँपालिका-९ चायाँचुङबाट सोही ठाउँस्थित पेदी बस्ने ४५ वर्षीय आसु पुनलाई भरुवा बन्दुक १ थान, बारुद ५ सय ग्राम र छर्रा सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ

ईलाका प्रहरी कार्यालय चुनवाङबाट खटिएको प्रहरीले उक्त लोड भएको भरुवा बन्दुक बोकी जंगलतर्फ जाँदै गर्दा फेला पारी उनलाई पक्राउ गरेको हो ।

### कैंची प्रहार गरी घाइते बनाउने पक्राउ

**ललितपुर(प्रस)**-आफ्नै छिमेकीलाई कैंची प्रहार गरी घाइते बनाएको अभियोगमा ललितपुर महानगरपालिका-९ बालकुमारि बस्ने धादिङ घर भएका ३० वर्षीय बसन्त दर्लामी मगरलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ ।

सोही ठाउँस्थित झोलुंगेपुल नजिक मगरले मादक पदार्थ सेवन गरी सोही ठाउँ बस्ने बर्दिया ठाकुर नगरपालिका-२ घर भएका २० वर्षीय पुरुषलाई घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग बालकुमारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घाइतेलाई उपचारका लागि पाटन अस्पताल पठाइएको छ ।

### जबरजस्ती करणी गर्ने पक्राउ

दार्चुला(प्रस)-१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा दुहु गाउँपालिका-४ बस्ने २९ वर्षीया गणेश सिंह लोत्थ्याललाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

लोत्थ्यालले ती किशोरीलाई व्यास नगरपालिका-४ स्थित एक विद्यालयको कम्पाउण्डमा लगी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी सुनसेराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

सिरहा, १० बर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा लहान नगरपालिका-५ शान्तिटोल बस्ने ४२ वर्षीय कैलाश गोसाईलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

# सुरक्षाकर्मीमाथि तस्करद्वारा ढुंगामुढा

■ **रबिन्द्र यादव**

**नवलपरासी पश्चिम**-तस्करी गर्न नपाएपछि भारतीय तस्करहरूले सिमा खटिएका सुरक्षाकर्मीहरू माथि ढुङ्गामुढा प्रहार गरेका छन् ।

नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिका-६ कठहवाँ स्थित दशगजामा निगरानी गर्न खटिएका शसस्त्र र जनपद प्रहरीलाई भारतीय तस्करहरूले सोमबार साँझ ४ बजेको समयमा ढुङ्गामुढा प्रहार गरेका हुन् । उनीहरूको ढुङ्गा प्रहारले कुनैपनि सुरक्षाकर्मी घाईते नभएको बताइएको छ । उक्त दशगजाको सिमावारी कठहवाँ र पारी बहुआर बजार हो ।

बहुआर गाउँ नेपाल दशगजासंग जोडिएको भारतको उत्तर प्रदेश महराजगंज जिल्लाको सिमावर्ति बजार हो । त्यस गाउँको लाईनटोलाका बासिन्दाहरू अधिकांश तस्करीका कार्य गर्दै आएका छन् । विगत लामो समयदेखि विभिन्न सरसमानको तस्करी गर्दै आएका उनीहरू अहिले देश लकडाउन र सिमा बन्द भएपछि उनीहरू तस्करी गर्न नपाएपछि सुरक्षाकर्मीहरू माथि आक्रोस पोख्दै ढुङ्गामुढा प्रहार गरेको स्थानिय करम हुसैन अंसारीले जानकारी दिएका छन् ।

बहुआरको लाईनटोलाका बासिन्दाहरू नै उल्टिएर नेपाली सुरक्षाकर्मीहरू माथि ढुङ्गा प्रहार गर्दा सुरक्षाकर्मीहरू आफ्नो ज्यान जोगाउन सिमावारी कठहवाँ गाउँतिर भागेका थिए । ढुङ्गाले सुरक्षाकर्मीहरू घाईते नभएपनि ठुलो दुखद घटनारहेको स्थानिय करम हुसैनले बताएका छन् । ढुङ्गाप्रहार गर्दै उनीहरू नेपाल भित्रीन थालेपछि सुरक्षाकर्मी र स्थानियहरूले उनीहरूलाई सिमापारी धपाएका थिए ।

**यसरी भयो घटना**

सोमबार साँझ ४ बजेको समयमा दशगजामा चरिरहेको एक बाखा सिमावारी कठहवाँ गाउँतरि छिरेपछि बाखा लिन एक महिला नेपाल छिर्न खोजिन् । उनलाई सिमामा खटिएका सुरक्षाकर्मीले 'तपाई नछिर्नुहोस हामीले बाखा उतै पठाईदिन्छौं' भने पनि उनी अटेरी गर्दै मान्छे भेला गर्न लागी परिन् । सयौंको संख्यामा गाउँलेहरूलाई बोलाई सुरक्षाकर्मीहरूलाई गालीगलौज गराउन थालिन् । यता तस्करी गर्न नपाउने निहुँमा भारतीय तस्करहरू गाउँलेहरूको सहारामा सुरक्षाकर्मीहरू माथि ढुङ्गामुढा प्रहार गरेको सुरक्षाकर्मीहरूले बताएका छन् ।

बहुआरका अधिकांश तस्करहरू सो नाकाबाट रक्सी, कुखुरा, मलखाद, धानको बिउ र दैनिक उपभोग्य बस्तुहरूको तस्करी गर्दै आएका थिए । तर लकडाउनले तस्करी गर्न नपाएपछि सुरक्षाकर्मीहरू प्रति आक्रोसित बन्दै गएका थिए । बिचबिचमा सुरक्षाकर्मी र तस्करहरू बिच भनाभन भएपनि मंगलबार त्यस्तो घटना घटन पुगेको स्थानियले बताएका छन् । यस बिषयमा सिमा खटिएका भारतीय एसएसबीहरू भने भारतीय तस्करहरूलाई नै मौन समर्थन जनाइएको पाइएको छ । भारतीय तस्करले नेपाली सुरक्षाकर्मी माथि ढुङ्गामुढा गरेपछि सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट (बिओपी) ले घटनास्थलमा एउटा त्रिपालको कैम्प बनाएर थप सुरक्षाकर्मी खटाएको जनाएको छ ।

# सीमामा आवतजावत रोक्न निगरानी समूह गठन

■ **विनोदसिंह विष्ट**

**बैतडी**-लकडाउनको समयमा पनि भारतीय सीमा क्षेत्रबाट सर्वसाधारणको नेपाल भित्रिने क्रम नरोकिएपछि बैतडीमा कोरोना भाइरस (कोभिड–१९) संक्रमण फैलिने जोखिम बढ्को छ ।

छिमेकी मुलुक भारतमा कोरोना भाइरस संक्रमण तीव्र रूपमा फैलिरहेको र सीमा क्षेत्रबाट सर्वसाधारणको नेपाल भित्रिने क्रम नरोकिँदा जोखिम बढ्को स्थानीयवासी बताउँछन् । खुल्ला सिमानाका कारण महाकाली नदीमा ट्युबमार्फत तरेर सर्वसाधारण नेपाल भित्रिने क्रम जारी रहेको र नेपाल भित्रिने कतिपयले क्वारेन्टाइनमा नबसी सीधै परिवार तथा आफन्तजनको सम्पर्कमा पुग्ने गरेको सीमाक्षेत्रका बासिन्दाको भनाइ छ ।

संक्रमणको जोखिम बढेपछि सीमाबाट आवतजावत रोक्न बैतडीमा निगरानी समूह गठन गर्न थालिएको छ । बैतडीस्थित महाकाली नदीमा ट्युबमार्फत तरेर अवैधरूपमा नेपाली फर्कने क्रम नरोकिएपछि यहाँका सिमावर्ती स्थानीय तहहरूले निगरानी समूह गठन गर्न थालेका हुन् ।

कोरोनाको जोखिम हुनसक्ने भएकाले सीमासँग जोडिएका सबै स्थानीय तहहरूले निगरानी समूह गठन गर्न थालेको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले जानकारी दिए । जिल्लाको दशरथचन्द नगरपालिका, शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिका भारतसँग सीमा जोडिएका छन् । यी स्थानीय तहहरूमा निगरानी समूह गठन गरिँदैछन् ।

निगरानी समूहले अवैधरूपमा महाकालीबाट स्वदेश नफर्कनका लागि माइकिङ गर्ने, सीमामा खटिएका प्रहरीलाई सहयोग गर्ने, कोही सीमाबाट तरिहालेमा उनीहरूलाई क्वारेन्टाइनमा पुऱ्याउने काममा सहयोग गर्ने जनाएको छ । दशरथचन्द नगरपालिकाले सीमा क्षेत्रका वडामा निगरानी समूह गठनको काम भइरहेको नगरप्रमुख नरेन्द्रसिंह थापाले जानकारी दिए । वडाध्यक्षको अगुवाइमा निगरानी समूह गठन गर्ने काम भइरहेको उनले बताए ।

यस्तै शिवनाथ र पञ्चेश्वर गाउँपालिकामा पनि निगरानी समूह गठन गर्न आग्रह गरिएको छ । लकडाउनको समयमा सीमानका बन्द रहेका बेला बैतडीमा अवैधरूपमा महाकाली नदीमा ट्युबमार्फत ६० जना भित्रिएका जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ । सीमा क्षेत्रमा सुरक्षाकर्मी २४सै घण्टा परिचालन गरिएको भए पनि सुरक्षाकर्मीको आँखा छलेर चोर बाटो हुँदै नेपाल प्रवेश गरिरहेका हुन् । अवैधरूपमा नेपाल भित्रिने नागरिकले ट्युबको महङ्गो शुल्क तिरेर भित्रिरहेका हुन् । उनीहरूले भारतीय रूपैयाँ ५०० देखि दुई हजारसम्म तिर्ने गरेका बताउने गरेका छन् ।

जिल्लास्थित भारतसँग सीमा जोडिएका विभिन्न छ स्थानमा चौकी स्थापना गरी यसअघि नै सशस्त्र प्रहरी परिचालन गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक अमित सिंहले जानकारी दिए । रासस


**Chhayanath Rara Municipality**
**Office of Municipal Executive**
**Gamgadhi, Mugu**
**Karnali province Nepal**

**Invitation Of Bids**
**For**
**PROCUREMENT OF GOOD FOR SUPPLY GALVANIZED MESH WIRE(READYMADE)**
*First Date Of Publication: 2077/01/31*

1. **Chhayanath Rara Municipaity, Office of Municipial Executive, Gamgadhi, Mugu** invites sealed from the Nepalese eligible bidders for the **Procurement of good for supply Galvanized Mesh Wire (Readymade)** under National Competitive Bidding procedures Specified in Public Procurement Act and Regulations .
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ChhayanathRara Municipality, Gamgadhi, Mugu, Nepal.
3. A complete set of Bidding Documents may be purchased from the office of Chhayanath Rara Municipality, Gamgadhi, Muguby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Pan/Vat Registration Certificate ,Tax Celerance Of Fy: 075/076, Manufactures Authorization Letter, Renewed Construction authorized Lisence and upon payment of a non-refundable amount Rs. **3000** for purchasing of bid document / Bid document fee should deposited in Sanchit Account as specified below till ( **2077/02/29,** during office hours.

| Contract Identification No | Description of Work | Project and Adress | Estimated Cost (with VAT) | Bid Security Amount (Nrs) | Bid Validity Period | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|
| MUGU/CRM/GOODS /GMW/NCB-1/076/077 | Procurement Of Good For Supply Galvanized Mesh Wire | MaurighadhaTallek Lorpollana Ghatellek Kirshi Bali GI Mesh Wire Fencing , CRM, Ward No-10,Mugu | 4994747.85 | 149842.43 | 90 days | 3000.00 |

**Detail Information to deposit the cost of bidding document :**

| | |
|---|---|
| **Name Of Bank** | RastriyaBanijya Bank Limited , Gamgadhi,Mugu |
| **Name Of Office** | ChhayanathRaraMunicipality, Office Of Municipal Executive, Gamgadhi,Mugu |
| **SanchitKosh A/C No** | **40600304010002** |
| **DharautiA/C No ( Bid Security )** | **40600303000002** |

4. Bid Document must be Submitted to the office Chhayanath Rara Municipility , Office Of the Municipal Executive Gamgadhi,Mugu before 12:00 P.M. on (2077/02/30) Bids recived after this deadline will be rejected.
5. Pre-Bid Meeting shall be held before 10 days from last date of submission of bid upon written request.
6. Bids must be valid for a period of **90** days after the bid closing deadline .Bids may be accompanied by a bid security amount to a minium of **Nrs. 149842.43** either in the Form of Bank Voucher in the Name Of Rastriya Banijaya Bank Limited, Gamgadhi, Mugu Branch Dharauti Account No. **4060030300002** or irrevocable and unconditional Bank Guarantee issued by "A" class Commercial Bank with a minimum amount **as Nrs. 149842.43**. The bid Security shall be valid for 30 days beyond the validity period of the bid.
7. Bid will opened at 14:00 PM (2077/02/30) , in the presence of bidders or their authorized representatives who wish to attend at office of Chhayanath Rara Municipility, Office Of Municipal Executive ,Gamgadhi, Mugu. Absence of bidders representative in bid opening shall not obstruct the bid opening.
8. If the last date of the bid purchasing ,submission and Opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case thebid validity and bid Security Validity shall remain same as specified for the original last date of bid submission.
9. Interested Eligible bidders may obtain further information from the address below .
**Chhayanath Rara Municipility, Office Of Municipal Executive, Gamgadhi, Mugu**
**Email No :-chhayanathraramun@gmail.com**
**Website :-chhayanathraramun.gov.np**
**Office Phone No :- 087-460253**

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लकडाउनलाई प्रभावकारी बनाऊ

**कोरोना भाइरस संक्रमितको संख्या बढ्ने क्रम जारी छ । एकै दिन नै ५७ कोरोना संक्रमित थपिएपछि यो चुनौति बढेको छ । कोरोनाको उपचार नभएका कारण सामाजिक दूरी कायम गर्नुभन्दा अर्को कुनै उपाय छैन । त्यसैले नै सरकारले लकडाउन घोषणा गरेको हो तर अहिले लकडाउनको उल्लंघन भइरहेको छ । खासगरी हुनेखाने र पहुँचवालाहरूले नै लकडाउनको व्यापक उल्लंघन भइरहेको छ । सरकारले आवश्यकतालाई हेरेर होइन, सरकारले पहुँचको आधारमा सवारी पास वितरण गर्दै आएको छ । सर्वसाधारण घरबाहिर निस्क्यो भने प्रहरीले धरपकड गर्ने तर पहुँचवालाहरू भने निर्वाध रूपमा सडकमा हिँडिरहेका छन् । सरकारले पास दिएपछि मानौँ उसलाई कोरोनाले छुँदैन भनेजस्तो गरिएको छ । कोरोना जो कसैलाई लाग्न सक्छ । सरकारले अत्यावश्यक सेवाभन्दा बाहेकका कोही कसैलाई पनि पास वितरण गर्नुपर्दैनथ्यो । त्यसो भएन, यहाँ त लकडाउनको अवधिमा सवारीसाधन लिएर हिँडेर पहुँच देखाउने काम भएको छ ।**

**नेपालमा कोरोना फैलियो भने यसको सबै जिम्मा पहुँचवालाहरूले लिनुपर्छ । पहुँचवालाहरू भएकैले कोरोना लाग्दैन र सर्दैन भन्ने प्रमाण स्थानीय अधिकारीले दिनुपर्छ । अन्यथा आफू र आफ्ना वरिपरिकालाई सवारी पास वितरण गर्ने अधिकारी कारबाहीको भागीदार बनाइनुपर्छ । कपिलवस्तु, रूपन्देही, पर्सा र बारामा एकै दिन ५७ जन संक्रमित भेटिनु अत्यन्तै डरलाग्दो अवस्था हो । स्थानीय अधिकारीले सवारी पास दिएको व्यक्तिबाट कोरोना सऱ्यो भने यसको जिम्मा कस्ले लिने ? पहुँच देखाउने बेलामा अधिकारी र सवारीसाधन धनीले देखाउने अनि यसको सजाय सर्वसाधारणले बेहोर्नुपऱ्यो भने यसको जिम्मा लिने कुनै न कुनै निकाय चाहियो । सरकारले घोषणा गरेको लकडाउनलाई इमानदारीपूर्वक मान्नेहरू त सर्वसाधारण मात्रै हुन् । उनीहरू साँच्चै लकडाउन अवधिमा घरबाहिर निस्केकै छैनन् । यस्तो अवस्थामा सरकारले आफ्ना सहयोगीका रूपमा सर्वसाधारणलाई लिनुपर्छ ।**

**योसँगै नेपालमा कोरोना भाइरसका संक्रमित १९१ पुगेका छन् । तीमध्ये ३३ जना उपचार गरी घर फर्किएका छन् । कोरोना भाइरसबाट बच्नका लागि सरकारले लकडाउनको घोषणा गरेको छ, यसका लागि अब सरकारले सर्वसाधारणको चुल्हो बाल्ने काम चाहिँ गर्नुपर्छ । लकडाउनबाट खासगरी मजदुर वर्गहरू मारमा पारेको छ । दिनभर काम गरेर बिहान बेलुका चुल्हो बाल्ने वर्गलाई सरकारले सोधखोज गरी राहत पुऱ्याइदिनुपर्छ । सर्वसाधारणले सरकारलाई लकडाउनको अवधिमा सहयोग गरेकाले अब सरकारले पनि तिनै वर्गलाई सहयोग गर्नुपर्छ । अहिले घोषित लकडाउन खुकुलो बनाउने क्रम जारी छ । अब सरकारले यसो गर्दा कोरोना भाइरस फैलियो भने यसबाट पर्न जाने सबै क्षति राज्यले बेहोर्नुपर्ने हुनाले लकडाउनलाई अझ कडाइ गर्नु जरुरी छ । अन्यथा कोरोनाले नेपाल सबैभन्दा बढी क्षति बेहोर्ने मुलुकमा गनिन्छ किनभने नेपालमा उपचारको कुनै व्यवस्था नभएको मुलुकमा नै कोरोना भाइरस फैलियो भने यो रोक्ने उपाय नभएकाले यसबारे सरकारले आजै सोच्नुपर्छ ।**

# नेपाल प्रहरीका अभूतपूर्व आइजिपी



▶▶ शिवजी श्रेष्ठ

करिब सात वर्ष अगाडि मेरो फोनमा भ्वाइस मेसेज रहेछ, सुनेँ । वृद्ध, तर कमान्डिङ लवजमा 'एइ यता सुन् । ल, मलाई फोन गर ।' अचम्म लाग्यो । किनकि मलाई बेलायतमा यो लबजमा बोल्ने कोही भएजस्तो लागेन । सँगै पढेका साथी अनि इन्स्पेक्टर हुँदाको ब्याचमेटको पो हो कि भनेर सम्झने प्रयास गरेँ, अहँ होइन । नेपालबाट बुबाको पो फोन हो कि ? तर, बुबाको भ्वाइस त म चिनिहाल्छु ।

धेरै सम्झिन खोजेँ, 'मिस कल' को लिस्ट हेरेँ, त्यस्तो भ्वाइस हुनेको नामावली देखिनँ । बरु एउटा मिस कल चाहिँ 'नो कलर आइडी'बाट आएको पाएँ । म असामञ्जसमा नै थिएँ, दुई दिन पछाडि 'नो कलर आइडी' बाट मेरो मोबाइलमा फोन आयो । उठाएँ ।

उताबाट 'ए साला, तँ ठूलो मान्छे भइस् ? मेरो कल आएको देखेपछि अनि भ्वाइस मेसेज सुनेपछि पनि कल ब्याक नगर्ने ?' दुई दिन अगाडिको उही भ्वाइस मेसेजकै लवज र स्वर थियो । मैले चिन्न सकिनँ । तब, सतर्कता साथ सोधेँ, 'मैले हजुरलाई चिन्न सकिन नि ?'

उताबाट जवाफ आयो, 'एइ म आइजी बराल ।' म झस्किएँ । नेपाल प्रहरीको आइजिपी त अहिले कुबेरसिंह राना हुनुहुन्छ । म पछि होसमा आएँ । धेरै किम्बदन्तीझैँ लाग्नेगरी भूतपूर्व आइजिपी खड्गजित बराल सा'बका कथाहरू सुन्ने गरेको थिएँ । मैले 'जय नेपाल' पनि भनिसक्न नपाउँदै उनले भने, 'स्याबास, जागिर छाडेर त्यति टाढा गइसकेपछि पनि नेपाल प्रहरीलाई नबिर्सिकन प्रहरीको अस्पतालका लागि तिमीहरूले सामान जुटाइस् ।'

भएको के थियो भने हामीले बेलायतमा बस्ने पूर्वप्रहरीहरूको संस्था पूर्वनेपाल प्रहरी परिवार मञ्च, बेलायतले नेपाल प्रहरी अस्पतालको डेन्टल डिपार्टमेन्टलाई नेपालका विभिन्न ठाउँमा मोबाइल डेन्टल क्याम्प चलाउन सजिलो होस् भनेर मोबाइल डेन्टल इक्युपमेन्ट प्रदान गरेका थियौँ । उनी अर्थात् पूर्वआइजिपी बरालले भन्दै गए, 'अस्तिको पत्रिकामा तँ (तिमी) हरूले गरेको सहयोगसम्बन्धी यो समाचार पढेँ । तब त्यो मगर (तत्कालीन आइजिपी कुबेर सिंह राना) लाई तेरो नम्बर पत्ता लगाएर मलाई दे भनेर तँलाई कल गरेको । तँ नाथे डिएसपी, यहाँ आइजी, डिआइजी भइसकेकाहरू रिटायर्ड भएपछि पुलिसलाई सहयोग गर्नु त कहाँ हो कहाँ उल्टै गाली गर्दै हिँड्छ । तँ (तिमी) हरू विदेशमा बसेर पनि यति सम्झिस्, त्यही भएर स्याबास् भन्नलाई कल गरेको, बुझिस् ? स्याबास ।'

मेरो जवाफ पनि नकुरिकन उनले फोन राखे । फोन राखेको एकछिनसम्म म सन्न भइरहेँ । मन अझै सिरिङ भइरहे'थ्यो । अप्रत्याशित आएको त्यो फोन कल र वार्तालापबारे सोच्न थालेँ, ८६ वर्ष पुगिसकेका पूर्वआइजिपीको अरूले गरेको कामको सह्राना गर्ने अनि प्रोत्साहन गर्ने तरिका र उत्साह । भनिन्छ- खड्गजीत बराल नेपाल प्रहरीमा एक मात्र त्यस्ता पूर्वआइजिपी हुनुहुन्छ, जो बहालवाला आइजिपीलाई पनि तँ (हेपेर होइन, अदव राखेर) भनेर सम्बोधन गर्ने हैसियत राख्नुहुन्छ ।

हामी भर्खर इन्स्पेक्टर भएका बेला सुनिएको थियो । ०४९ सालमा आइजिपी भएपछि मोतीलाल बोहोराले 'आशिर्वाद पाउँ सर' भन्दै बराललाई फोन गरेछन् । उनले भर्खरै आइजिपी नियुक्त भएका बोहोरालाई 'तँ पनि आइजी भइस् नि ? (सायद अपनत्त्व देखाउँदै) भनेछन् । हामी नेपाल प्रहरीमा भर्ना हुनुभन्दा १४ वर्ष अगाडि (०३५ सालमा) नै आइजिपीबाट रिटायर्ड भएका बरालका बारेमा नेपाल प्रहरीभित्र धेरै नै किम्बदन्ती अनि गाथाहरू छन् । नेपाल प्रहरीलाई सरकारी युनिफर्म (त्यस अगाडि आफ्नै तलबबाट किन्नुपर्ने) र रासन (त्यसअघि नेपाली सेनालाई मात्र सरकारी रासन हुन्थ्यो) को व्यवस्था गर्ने आइजिपीको रूपमा श्रद्धा गरिन्छ ।

उनका पालामा नै प्रहरीका धेरै भवनहरू बने, जुन त्यसअघि प्रहरी कार्यालय अस्थायी भवन वा भाडामा बस्ने गर्दथ्यो। त्यसैले भन्ने गरिन्छ- बराललाई रासनको सिता, भवनको भित्ता अनि युनिफर्मको फित्तासम्मले सम्झिन्छ । उनका बारेमा प्रहरीभित्र धेरै नै गाथाहरू छन्, सँगसँगै निजामती अनि भारतीय प्रहरी, नेपाली सेना र राजासँगको प्रसंगहरू पनि छन् । पूर्वसचिव खेमराज नेपालले आफ्नो पुस्तक 'समाज, संस्कार र शासन' मा बरालका बारेमा प्रसंग उल्लेख गरेका छन् । जब उनी संखुवासभाको कामु प्रजिअ भएर हाजिर हुन जाँदै थिए । तत्कालीन गृहसचिव वीरबहादुर शाहीले आइजिपी बरालले भेटेर जानु भनेको छ, एकपटक भेट्नु भनेछन् ।

प्रजिअ नेपाल आइजिपी भेट्न नक्साल गएछन् । भेट्नेबित्तिकै उही 'तँ' कै शैलीमा भनछ 'एई, म १९ हजार रूपैयाँ दिन्छु, जिल्ला प्रहरी कार्यालय भवन बनाउनू ।' प्रजिअलाई चित्त बुझेन छ र त्यति पैसाले प्रहरी कार्यालय भवन पनि बन्दैन, इन्स्पेक्टरलाई नै भन्नुस् भनेर पैसा नलिकन फर्केछन् । पछि इन्स्पेक्टरले त्यहि १९ हजार बोकेर जिल्ला गएछन् । स्थानीय स्रोत, जनता, ठेकेदारको सहयोग लिएर ९५ हजारमा कार्यालय भवन बन्यो । पछि एउटा कार्यक्रममा आइजिपी बराल र ती प्रजिअको भेट हुँदा प्रजिअले 'के गर्नु आइजिपी सा'ब, तपाईंको इन्स्पेक्टर ल्याएको त्यही १९ हजारमा भवन त बनायौँ, ९५ हजार लाग्यो, तर इन्स्पेक्टरले मलाई नै ज्यादा प्रयोग गरे ।'

तब आइजिपीले भनछन्, 'मलाई थाहा थियो, मैले ९५ हजार दिएको भए पनि यहि १९ हजार खर्च गर्थ्यो र यसरी नै भवन बनाउँथ्यो, बाँकी चप्काउँथ्यो, त्यही भएर १९ हजार दिएँ । तर, ९५ हजारको काम लिएँ । मैले बुझेको छु नि पुलिसको मनोवृति ।' जब उनी नेपालगन्जमा डिआइजी थिए, एकपटक छिमेकी भारतका आफ्ना समकक्षी काउन्टर पार्ट (डिआइजी) सँग मिटिङ गर्न जाँदै रहेछन् । भारतको सडकमा बसेको एकजना भारतीय पुलिसको सिपाहीले बुट बजारेर अदबका साथ सलाम गरेछन् ।

उनलाई त्यो सिपाहीको सलामले प्रभाव पारेछ । तब आफ्नो गाडी रोकेर सिसा खोल्दै 'एइ हवल्दार, स्याबास्, तेरो सलाम मलाई मन पऱ्यो बुझिस् ?' भनेछन् । बिचरा, त्यो सिपाहीले हिन्दीमा भनेछ, 'म त हवल्दार होइन, साहबजी, सिपाही मात्र हुँ ।' तब डिआइजी बरालले भनेछन्, 'ल, मैले बोलिहालेँ, तँ अब हवल्दार नै होस् ।' त्यो भारतीय सिपाही चलाख रहेछ । उसले साहबले मेरो बडे साहबलाई बोलिदिए त हुन्छ भनेर आफ्नो नाम र आइडी नम्बर टिपेर दिएछ । जब भारतीय डिआइजीसँग बरालको भेट भयो । तब, अघिको टिपोट दिँदै भनछन्, 'यो केटोको प्रमोसन हुनेबेला भएको हो ? डिआइजीले आफ्ना स्टाफलाई डोसियर चेक गर्न लगाएछ र भनेछन् यो त धेरै जुनियर हो, यसको बेला त ४/५ वर्षपछि मात्रै आउँछ । तब डिआइजी बरालले भनेछन्, 'अरे पार्टनर, हम ने तो बोल दिया, क्या करोगे अब ? सिपाही के नजरमे डिआइजीका वचन मिट्टीमे मिलाओगे ?' तब, त्यो सिपाही हवल्दार भएछ ।

नेपालगन्जको सिमानामा खटिएका ती भारतीय प्रहरीका हवल्दारले आफ्नो बिल्ला देखाउँदै बेलाबखत भन्ने गर्थे रे 'ये बिल्ला हमे नेपालके बडे साहबले दिया है ।' यस्तो अदव धेरै कममा मात्रै हुन्छ । उनको त्यो 'नो कलर आइडीवाला' फोन कलपछि म उनीसँग निरन्तर सम्पर्कमा रहेँ, नेपाल गएपिच्छे भेट्ने गर्छु । उनी नेपाल प्रहरीको जिउँदो इतिहास, त्यसैले उनको मुखबाट ती कथाहरू सुन्न एकदम मन लाग्छ । अहिलेको परिस्थितिमा प्रहरीका आइजिपीलाई निरीह अवस्थामा राखेको देखिँदा उनले भनेको एउटा प्रसंग उल्लेख गर्न मन लाग्यो- जब नेपाली कांग्रेसले सशस्त्र क्रान्तिका क्रममा ०३१ साल पुसमा ओखलढुंगा कब्जा गर्न क्याप्टेन यज्ञबहादुर थापा एवं राम-लक्ष्मण उपाध्यायको नेतृत्त्वमा नेपाली कांग्रेसको लडाकु दस्ता पठाएको खबर प्रहरी र सेनाले पायो । तब तत्कालीन राजा वीरेन्द्रले नेपाली सेनाका प्रधानसेनापति, नेपाल प्रहरीका आइजिपीसहित सुरक्षा निकायका नेतृत्वको आपतकालीन बैठक बोलाएछन् । नेपाली कांग्रेसको लडाकु दस्ता सोलुको पत्ताले जंगलमा पुगेर आक्रमणको तयारी गर्दै गरेको ब्रिफिङ भएपछि राजाले नेपाली सेनाको प्रधानसेनापति सिंहबहादुर बस्न्याततिर नजर लगाएछन् । प्रधानसेनापतिले 'नेपाल प्रहरीको टोली पहिले गएर उनीहरू भएको ठाउँ घेराबन्दी गरोस् अनि सेनाको टोली जान्छ' भनेर भनेछन् । तत्कालै आइजिपी बरालले 'अँ, थ्री नट थ्री बोकेको प्रहरीचाहिँ उनीहरूसँग आमुन्ने सामुन्ने हुन जाने अनि आधुनिक हतियार बोकेको तालिमप्राप्त सेनाचाहिँ पछि आउने ?' राजा मुसुमुसु हाँसेछन् । तब सेना र प्रहरीको संयुक्त टोली जाने निर्णय भएछ । यस्तो साहस अहिले त असम्भव नै हुँदै गएको छ । नेपाल प्रहरीमा पहिलो एमए गरेका आइजिपी बराललाई राजा वीरेन्द्रले एकदम मन पराउँथे रे । त्यसैले उनी प्रहरीको जागिरमा १६ वर्ष नपुग्दै आइजिपी भए । ४ वर्षे आइजिपीको पदावधि सकेर रिटायर्ड हुने बेलामा पनि सेवावधि २० वर्ष नपुगेकाले पेन्सन नहुने भएकाले पछि राजा वीरेन्द्रले पुनः दुई वर्ष म्याद थपेर ६ वर्ष आइजिपी चलाए । अवकाशपछि पनि बर्माका लागि शाही नेपाली राजदूत त्यसपछि राष्ट्रिय पञ्चायतको सदस्यमा मनोनित भए । गत वर्षको भेटमा उनले मलाई सोधे, 'तँ प्रहरीलाई यति माया गर्छस् यार, किन छाडिस् जागिर ?' मैले जागिर छाड्ने क्रममा तत्कालीन आइजिपी श्यामभक्त थापासँग परेको आफ्नो तात्तातात्ती एवं गुनासोको प्रसंग सुनाएँ ।

उनी मज्जाले हाँसे, 'ए त्यो बिचराको के कुरा गर्नु ?' मैले सोधेको थिएँ, 'उहाँ त सरकै पालामा भर्ना भएको होइन र ?' उनले श्यामभक्तबारे कहानी सुनाउन थाले । उनी आइजिपीबाट रिटायर्ड भएको चारदशक बितिसक्दा पनि अझै पनि बाहिर सडकमा निस्किँदा कुनै प्रहरीले राम्रो ड्युटी गरेको नभेटे गाडी रोकेर कराउने गर्दारहेछन । उनको यो स्वाभाव बुझेको उनको ड्राइभर (सई) ले बाटोमा कुनै प्रहरीले ड्युटीमा उभिँदा ठीकसँग उभिएको नदेखे उनलाई देखाउँदै भनिहाल्दा रहेछन्, 'सर हेर्नु त, त्यो पुलिसको पारा ।'

एकदिन पूर्वआइजिपी बरालले ती ड्राइभर (सई) लाई हकारेछन्, 'तँ नै बन्न त आइजिपी, बढ्ता जान्ने हुन्छस् ?' (त्यसबखत श्यामभक्त थापा आइजिपी रहेछन् ।) ड्राइभरले भनेछन्, 'आइजिपी बनायो भने त मज्जाले चलाइदिन्छु नि ।' बराल। 'चलाइस् तैँले ।' ड्राइभरले भनेछन्, 'श्यामभक्त थापाले चलाउन सक्छ भने म नसकुँला ?' त्यतिखेर पूर्वआइजीपी बरालले भन्थे, 'यसरी एउटा सईले समेत अन्डरमाइन्ड गर्ने अवस्थाको आइजिपीले हाँकेको प्रहरीको मनोबल कसरी उच्च हुनसक्छ ? घरमुली हेरेर घरको बच्चा अगाडि बढ्छ ।' गत वर्षको अगस्टमा यसरी नै फेरि उनको मेसेन्जर कल आयो ।

'एइ शिव तँ एनआरएनमा छस् क्या रे, एनआरएनको सम्मेलनमा आउँछस् होला नि ? आइस् भने मलाई बेलायती पियर्स (नासपाती) ल्याइदे है, त्यो स्वादिलो र नरम हुन्छ ।' त्यस क्षण म खुसीले एकदम पुलकित भएको थिएँ । उनले एउटा आफ्नो नजिकको आफन्त ठानेर मलाई ती कुरा भनिरहेका थिए । म नेपाल जानेबेला अरू कुरा लैजान बिर्से पनि उनले मगाएको बेलायती नासपाती चाहिँ नबिर्सिन सजग बनिरहेको थिएँ । उनी समयको कति पक्का भने, उनले भेट्नका लागि मलाई दिउँसो ४ बजेको समय दिएका थिए । तर, यताउता गर्दा म १९ मिनेट ढिलो उनको घर पुगेछु ।

उनी त बाहिर अर्को कार्यक्रममा जान गाडी पो चढिसकेका रहेछन् । मलाई देख्नेबित्तिकै भने, 'एइ बेलायती, यही हो तेरो पंचुयालिटी ? तँ १९ मिनेट ढिलो आइस्, मैले अर्को कार्यक्रममा जानुछ, ल गाडी चढ, म तेरो घरमा पुऱ्याइदिन्छु ।

म लाजले 'पानी पानी' भएँ । ९३ वर्षको उमेरमा पनि उही जोश अनि समयको ख्याल गर्ने नेपाल प्रहरीका यस्ता अग्रज व्यक्तित्त्व अहिले ग्रान्डी अस्पतालको आइसियूमा उपचारार्थ भर्ना भएको खबरले मन उकुसमुकुस भइरहेको छ । प्रत्येकजसो आइजिपीहरूले आफू आइजिपी भएपछि उनलाई भेटेर आशिर्वाद र निर्देशन लिने गर्छन् । यस्तो गौरव बोकेका पूर्वआइजिपी बराल भन्ने गर्छन्, 'मलाई बेलाबखत पुलिस हेडक्वार्टरबाट निम्ताहरू आइरहन्छन, सँगै फोन पनि, अनि फोनमा सोध्ने गर्छन्, हजुर यो भूतपूर्व आइजिपी सा'बको घर पऱ्यो ? म भन्ने गर्छु, अहँ हैन, यो अभूतपूर्व आइजिपीको घर पऱ्यो ।' यस्ता अभूतपूर्व आइजिपीबाट नेपाल प्रहरीले अझै धेरै वर्ष आशिर्वाद र मार्ग निर्देशन पाइरहोस् । उनको शीघ्र स्वास्थ्यलाभको कामना । अनलाइनखबर

## मननयोग्य

# विद्वान्का लक्षणहरू

सत्पात्रलाई नदिई कुपात्रलाई दान गर्नु यी दुवैका कुरा न्यायपूर्ण तरिकाद्वारा कमाइएको धनलाई दुरूपयोग गरे समान हुन् । गऱ्हुँगो ढुंगोलाई घाँटीमा बाँधेर पानीमा डुबाइदिनयोग्य दुई किसिमको मानिस हुन्छन् । जो धनी भइकन कञ्जुस हुने र गरिब भएर दुःख सहन नसक्ने अर्थात् धनवान्ले दानी हुनैपर्ने र दुःखीले सहिष्णु बन्नु जरुरी ठानिएको छ ।

योगयुक्त सन्न्यासी र युद्धमा शत्रुसँग लड्दालड्दै वीरगति प्राप्त गर्ने लडाका यी दुवै सौर्यमण्डललाई छेडेर उर्ध्वगतिमा पुग्ने श्रेष्ठ पुरुष ठानिएका छन् । मानिसको सफलताका निमित्त उत्तम, मध्यम, अधम यी तीन प्रकारका न्यायअनुकूल उपायहरू हुन्छन् भनी वेदवेता विद्वानजन्हरूले भन्ने गरेका छन् । उत्तम, मध्यम, अधम तीन प्रकारका पुरुष हुन्छन् । यिनीहरूलाई यथायोग्य तीन प्रकारकै काममा लगाउनुपर्दछ । स्त्री, छोरा र नोकर यी तीनजना धनहीन हुन्छन् । यिनीहरू आफैँ धन आर्जन नगरेर उत्तराधिकारीमा नै धन, पद प्राप्त गर्दछन् ।

अर्काको धन हरण गर्नु, परस्त्रीसँग संसर्ग गर्नु, साथीभाइहरूलाई त्याग गर्नु यी तीनवटै कुराले मानिसको आयु, धर्म र कीर्तिलाई क्षय गर्दछन् । काम, क्रोध र लोभ यी तीनवटै नरकका ढोका हुन् । यिनले आत्मालाई कलंकित पार्दछन् । यी तीनवटैको त्याग गर्नु आवश्यक छ । सज्जन मानिसले यिनलाई त्यागिदिन्छन् । वरदान पाउनु, राज्य पाउनु र पुत्रजन्म हुनु यी तीन कुरा एकतर्फ र शत्रुद्वारा हुन सक्ने कष्टबाट मुक्ति पाउनु अर्कोतर्फ यी दुवैतर्फका कुराहरू अर्थात् तीनै कुरा र एकै कुरा समान नै हुन्छन् । तसर्थ शत्रुबाट हुने सम्भाव्य कष्टलाई मानिसले प्राथमिकतापूर्वक टार्दै जानुपर्दछ । भक्त सेवक तथा म तपाईंकै मान्छे हुँ भनी शरणमा पर्न आउने मान्छेलाई आफूलाई जस्तोसुकै संकट आइपर्ने नै भए पनि नत्यागोस् ।

कम (थोरै) बुद्धि भएका, धेरै समयसम्म सुतिरहने, हडबडे, चाटुकार वा चाप्लुसे मानिसहरूसँग गोप्य सल्लाह गर्नु हुँदैन । महावली राजाहरूले (सत्ताधारीहरूले) यी चारैवटालाई त्यागिदिनुपर्छ । विद्वान् मान्छेले यिनीहरूलाई समयमै पहिचान गरोस् अथवा चिन्न सकोस् ।

**विदुर नीतिबाट**

## पत्र–मञ्जुषा

# सामुदायिक विद्यालयमा लगानी बढाउनुपर्छ

**प्रिय सम्पादकज्यू,**

सरकारले सामुदायिक विद्यालयलाई हेपेको देखिन्छ । त्यसो त सांसद र मन्त्रीहरूको आफ्नै निजी विद्यालय हुनाले सरकारलाई शिक्षामा लगानी गर्न दिँदैनन् । यसो हुँदा विद्यार्थीहरू निजी विद्यालयतिर आकर्षित हुन्छन् । भन्ने बेला निजी विद्यालयका सञ्चालकहरूले आफूहरूबाट शिक्षामा अद्वितीय भरथेग भएको भन्दै आएका छन् । सरकार पनि त्यहि निजी विद्यालयमैत्री कानुन बनाउन उद्यत् देखिन्छ । निजी विद्यालयहरूको माग पूरा गर्ने र कानुन बनाउँदा पनि उनीहरूलाई मात्र सुविधा र राहत पुग्ने गरी बनाइएकाले सरकारमाथि पनि प्रश्न उठ्न थालिएको छ । तर, सरकारमा पुगेपछि कालो पनि सेतो बनाउने नेताहरूका कारण जनता सहेरै बसेका छन् । गरिब जनताको पक्षमा वकालत गर्नुपर्ने नेताहरूले धनी वर्गको पक्षमा मात्र निर्णय गर्दा राज्यको सहयोग गरिब जनताले उपयोग गर्न सकेका छैनन् । यस्तो अवस्थाबाट सरकार जानकार रहे पनि सरकारले गरिब जनताको पक्षमा काम गर्ने चाहँदैन । गरिबको पक्षमा भाषण गरेर धनी वर्गका लागि मात्र फाइदा हुनेगरी कानुन तर्जुमा गर्ने राज्यको उपल्लो तहमा बस्नेहरूले यसबारे ध्यान दिनु जरुरी छ ।

मुलुक समृद्ध बनाउने भनेर सरकारले भनिरहे पनि सरकारले सामुदायिक विद्यालयमा सूचना प्रविधिको शिक्षा पुऱ्याउन सकेको देखिँदैन । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गतका ३५ हजार सामुदायिक विद्यालयमध्ये हालसम्म आठ हजार १७४ विद्यालय मात्र सूचना प्रविधिका लागि कम्प्युटर शिक्षाको पहुँच पुगेको विभिन्न तथ्यांकहरूले देखाएको छ । कम्प्युटर पुगेका ती विद्यालयमा करिब ३५ प्रतिशत मात्र इन्टरनेट सेवा पुगेका छन् । सबै विद्यालयमा कम्प्युटर शिक्षाका साथमा इन्टरनेटको सेवा पुऱ्याउने नीति मन्त्रालयलको भए पनि व्यवहारमा लागू भएको छैन । पूर्वाधार अभाव, स्रोतको अभावलगायतका कारणले कम्प्युटर पुगेका विद्यालयमा पनि इन्टरनेट सेवा पुग्न सकिरहेको छैन । सरकारले अब सामुदायिक विद्यालयहरूमा पनि सूचना प्रविधिका शिक्षाको पठनपाठन सुरु गर्नुपर्ने देखिन्छ ।

सूचना प्रविधिको दिगो विकास लक्ष्यअन्तर्गत शिक्षा र स्वास्थ्यको लक्ष्य प्राप्त गर्न राज्यले लगानी गर्नुपर्ने हुन्छ । सामुदायिक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन मन्त्रालयले उच्च प्राथमिकता दिएर अघि बढ्नुपर्ने बेला आएको छ । निजी क्षेत्रले सूचना प्रविधि शिक्षा दिलाए पनि निजी विद्यालयहरू सहर केन्द्रित रहेकाले ग्रामीण क्षेत्रका विद्यार्थीहरू यस्तो शिक्षाबाट वञ्चित भएका छन् । सूचना प्रविधिको अधिकतम उपयोग गरी विद्यालय तहमा शिक्षण कार्य गराउन मन्त्रालयले उच्च प्राथमिता दिनका लागि कार्य योजना बनाउनुपर्ने देखिन्छ । शिक्षक एवं छात्रछात्रालाई सूचना प्रविधिको पहुँच बढाउन कार्यक्रम नै बनाएर अघि बढ्नु जरुरी छ । सरकारी सेवाका सबै कर्मचारीले सरकारी मेलमार्फत सूचना आदानप्रदान गर्न निर्देशिका तयार गरिएकोले यसलाई दैनिक व्यवहारमा पनि प्रयोगमा ल्याउनु जरुरी छ । निजी क्षेत्रलाई भन्दा पनि सरकारले सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि सूचना प्रविधिका शिक्षाको पठनपाठनमा अत्याधिक ध्यान दिनुपर्छ । निजी विद्यालयबाट उत्पादन भएका विद्यार्थी विदेशतिर जाने हुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरूबाट मुलुकका लागि उपयोगमा आउने हुनाले सामुदायिक विद्यालयमा सूचना प्रविधिको पठनपाठनमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

सुमन पौडेल
खोटाङ, हाल काठमाडौं ।
(इमेलबाट)

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य : य दैनिकका लागि लेख, विचार, प्रतिक्रिया** prabhabdaily@gmail.com **मा म्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित ामग्री लेखकको निजी विचार हो । -.**



**जन्मभूमि जान बाटो खोई**

आफ्नो जन्मभूमि व्यास गाउँपालिका-१ छाङ्गरु र तिङ्करका स्थानीयवासी गाउँ जाने बाटो नभएको भन्दै जिल्ला प्रशासन कार्यालय दार्चुलामा पशुचौपायासहित। छ महिना सदरमुकाम खलङ्गा र छ महिना व्यास उक्लिने दार्चुलाका व्यासीले गाउँ फर्किन आफ्नो भूमि भएर बाटो नभएको भन्दै पशुचौपायासहित जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका हुन्। वैशाख पहिलो साता कुन्चा सर्ने व्यासीहरू विगतमा भारतीय मार्ग हुँदै जाने गरेकामा लकडाउनका कारण भारतीय भूमि भएर गाउँ जान पाएका छैनन्। नेपालतिरको बाटो मर्मत नहुँदा व्यासीहरू खलङ्गामा समस्यामा परेका छन्। तस्बिर : नरेन्द्रसिह कार्की

# सञ्चारकर्मीहरूद्वारा प्रजिअलाई ज्ञापनपत्र



■ दीपेन्द्र प्रजापति

**वीरगन्ज–** पर्सा प्रहरीले पत्रकारहरूमाथि गरिएको दमनको विरोधमा उत्रिएका पर्सेली पत्रकारहरूले मंगलबार पनि बिहान स्थानीय वीरगन्जको घण्टाघर अगाडिको सडकमा उभिएर विरोध प्रदर्शन गरेका छन्।

प्रहरीले स्थानीय पत्रकार तिवारी यादवलाई बिनाकारण हिरासतमा लिएर मोबाइल जबर्जस्ती लिएको विरोधमा पत्रकारहरू विरोधमा उत्रेका हुन्।

पत्रकार यादवलाई मोबाइल फोन हालसम्म फिर्ता नदिइएको तथा दोषी प्रहरीमाथि स्थानीय प्रशासनले कुनै कारबाही अगाडि नबढाएकाले नेपाल पत्रकार महासंघ, पर्सा शाखाले मंगलबार प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद पौडेललाई तीन दिने अल्टिमेटमसहित ज्ञापन पत्र बुझाइएको छ।

प्रदर्शन शाखाका अध्यक्ष श्याम बंजारालगायत स्थानीय श्रमजीवी पत्रकारहरूको टोली उपस्थित थिए। सो अवसरमा बोल्दै अध्यक्ष बंजाराले यस्तो जोखिमपूर्ण अवस्थामा पनि सञ्चारकर्मीहरूले आफ्नो ज्यानको प्रवाह नगरिकन सामाचार संकलन गर्ने कार्यलाई पनि स्थानीय प्रहरीले गरेको दमनको नेपाल पत्रकार महासंघ, पर्सा शाखाले घोर भत्सर्ना गरेका छन्।

यस्तो विषम परिस्थितमा कोरोना भाइरसबाट बच्ने प्रहरी प्रशासनबाट सावधान हुने भन्ने दुविधा सञ्चारकर्मीमा उत्पन्न भएको उनले बताए।

स्थानीय प्रशासनले तीन दिनभित्रमा पत्रकार यादवको मोबाइल फोन नदिए तथा दोषी प्रहरीलाई कारबाहीको माग गर्दै महासंघले देशव्यापी आन्दोलनको घोषणा गर्ने चेतावनीसमेत दिएको छ।

## संक्षिप्त

### लागूऔषधसहित पक्राउ



**सुनसरी(प्रस)**–सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका-८ प्रकाशपुरस्थित रामधुनी जाने जंगलको बाटोबाट मंगलबार विभिन्न किसिमको लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सोही जिल्लाको कोशी गाउँपालिका-१ लौकही बस्ने १९ बर्षिय रोशन झा छन्। उनलाई प्रहरी पक्राउ गरेको हो।

स १० प ४६९२ नम्बरको मोटरसाइकलमा सवार निज झालाई प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा डाईलेस डिसी ६५ बोतल, स्मास्मो प्रोक्सिभन १ हजार ४ सय ४० वटा, लिजिक इन्जेक्सन १ सय ५० एम्पुल, डाईजिल्याब इन्जेक्सन १ सय ५० एम्पुल, प्रोमेथाजिन हाईड्रोक्लोराईड इन्जेक्सन १ सय ५० एम्पुल र फेन्सीडिल न्यू दुई बोतल फेला परेपछि पक्राउ गरिएको हो।

प्रहरीले त्यसवेला निज झाको साथबाट मोबाईल सेट एउटा, घडी एउटा,११ हजार ८ सय १० नेपाली रूपैयाँ, १ हजार २ सय ३० भारतीय रूपैयाँ तथा उल्लेखित मोटरसाइकल समेत बरामद गरेको छ।

पक्राउ परेका निज झालाई बरामद लागूऔषध र सामानसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ।

### पौडी खेल्दा डुबेर मृत्यु

सुर्खेत(प्रस)-भेरीगंगा नगरपालिका-१२ मा मजदुरी गरी बस्ने दैलेख नौमुले घर भएका गगन पुनको १० वर्षीय छोरा अभिषेक पुनको सोही ठाउँस्थित ताउले खोलाको तालमा डुबेर मृत्यु भएको छ। साथीहरूसँग खोलामा पौडी खेल्ने क्रममा अभिषेक डुबेको भन्ने खबर प्राप्त भए पश्चात स्थानीयले उद्दार गरी स्थानीय मेडिकलमा सामान्य उपचार गरी थप उपचारको लागि कर्णाली प्रदेश अस्पताल सुर्खेतमा पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो।

### बलेरो गाडीले ठक्करले पैदलयात्रीको मृत्यु

सिन्धुली(प्रस)-कमलामाई नगरपालिका-८ डुमरियास्थित सडकमा मे.१ ज १५४३ नम्बरको बलेरो गाडीको ठक्करबाट सोही ठाउँ बसतपुर बस्ने पैदलयात्री ५२ वर्षीय रणवहादुर सुनुवारको मृत्यु भएको छ। मंगलबार बिहान उक्त गाडीले ठक्कर दिँदा गम्भीर घाइते भएका रणबहादुरलाई उपचारको लागि जिल्ला अस्पताल सिन्धुलीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# शुक्रबारेको आगलागी घटनाप्रति दुःख व्यक्त



■ प्रभाव संवाददाता

**इलाम**–पूर्वप्रधानमन्त्री झलनाथ खनालले इलामको माईजोगमाई गाउँपालिका-३ शुक्रबारेमा भएको आगलागीको घटनाप्रति दुःख व्यक्त गरेका छन्।

इलाम क्षेत्र नं १ का संघीय सांसद खनालले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै आगलागीबाट क्षति पुगेकाहरूलाई तत्काल राहत जुटाउन र यथाशक्य सहयोग गर्न आग्रह गरे। नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का वरिष्ठ नेता खनालले पीडित परिवारलाई तत्काल उचित बसोबासको व्यवस्थाका साथै राहतको प्रबन्ध मिलाउन स्थानीय तह र सरोकार निकायलाई अनुरोध गरेका छन्। यसैबीच माईजोगमाई गाउँपालिकाले पीडित परिवारका लागि ५० हजार सहयोग गर्ने भएको छ।

सोमबार राती भएको आगलागिमा स्थानीय मांगेलाल गर्ग, छत्रकुमारी दर्जी र रुकमीणी प्रधानका तीनवटा काठका घर जलेर नष्ट भएका हुन। आगलागिबाट गर्ग र दर्जीको घर जलेर पूर्ण रूपमा नष्ट भएको छ भने प्रधानको घर आगलागी नियन्त्रण गर्ने क्रममा भत्काईएको छ। राती करिब १० बजे शुरु भएको आगो बिहान ३ बजे मात्र नियन्त्रणमा आएको थियो। स्थानीय र प्रहरीले आगो नियन्त्रणमा लिएका थिए। आगलागीबाट ७० लाख बढीको क्षती भएको स्थानीय प्रहरीले प्रारम्भीक अनुमान गरेको छ। माईजोगमाई गाउँपालिकाका अध्यक्ष जित बहादुर राईले क्षती बिबरण संकलन भइरहेको जानकारी दिए। आगलागीको कारण खुल्न सकेको छैन।

# क्वारेन्टाइन बसाई पछि ९३० जना घर जाँदैं

■ प्रभाव संवाददाता

**जुम्ला**–जुम्लाका एक नगरपालिकासहित सात गाउँपालिकाका विभिन्न स्थानमा रहेका क्वारेन्टाइनमा बसेका स्थानिय घर फर्केका छन्।

जुम्लाका आठ स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा बसेका ९३० जना १४ दिनको अवधि पूरा गरेर घर फर्केका हुन्। विभिन्न स्थानमा रहेका क्वारेन्टाइनमा ७४७ र मंगलबार १८२ जनालाई कोरोना भाइरस संक्रमणको लक्षण नदेखिएपछि घर पठाइएको थियो।

चन्दननाथ नगरपालिकाले निर्माण गरेको क्वारेन्टाइनमा एक, हिमा गाउँपालिकामा २७, तातोपानी गाउँपालिकामा ४८, पातारासी गाउँपालिकामा ४९ र गुठीचौर गाउँपालिकामा ५७ जना मात्र क्वारेन्टाइनमा रहेको जनस्वास्थ्य कार्यालय प्रमुख कृष्ण सापकोटाले बताए। तिला, कनकासुन्दरी र सिंजा गाउँपालिकाका क्वारेन्टाइन मंगलबारदेखि खाली भएको गाउँपालिकाका स्वास्थ्य शाखाले जनाएका छन्।

जिल्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र जनस्वास्थ्य कार्यालय जुम्लाले कोभिड-१९ संक्रमण भएनभएको परीक्षण गर्दै आएको छ। यसबाहेक यहाँका स्थानीय तहका विभिन्न स्थानमा र्‍यापिड डायग्नोष्टिक टेष्ट विधिमार्फत पनि परीक्षण भइरहेको छ।

# सकसमा दलितः मृत्युपछि पनि विभेद

■ हेमन्त केसी

**जाजरकोट**-जीवित हुँदा मात्र होइन, जिल्लाका दलित समुदायमाथि मृत्युपछि पनि विभेद हुने गरेको छ। जाजरकोट र रुकुमपश्चिमका गाउँ-गाउँमा दलित समुदायलाई अन्त्येष्टिका लागि छुट्टै मसानघाट प्रयोग गर्न बाध्य पारिएको छ। दलित र गैरदलितलाई दाहसंस्कार गर्न एकै ठाउँमा नदिएपछि फरक-फरक ठाउँमा विगतदेखि दाहसंस्कार हुँदै आएको जानकारहरू बताउँछन्।

धामी, झाँक्रीलाई समेत फरक ठाउँमा दाहसंस्कार गरिँदै आएको छ। दलित समुदायको घाट र गैरदलित समुदायको घाट करिब ३०० मिटरको फरक दूरीमा रहेको नलगाड नगरपालिका-८ का कृष्णबहादुर खत्रीले बताए। उनले भने, 'बाबुबाजेको पालादेखि चलाएको चलन भएकै कारण अहिले सो कुरा तोड्न नसकिने भएको छ। फेरि सबैले एकै ठाउँमा जलाएर के पाउने, के गुमाउनु छ र ? अघिदेखि चलेको चलनअनुसार चले ठिकै छ नि।'

यहाँका स्थानीयवासी खोलेखेतस्थित भेरी नदीको किनारमा दाहसंस्कार गर्छन्। त्यस्तै बारेकोट गाउँपालिकामा पनि दाहसंस्कार गर्ने ठाउँसमेत फरक रहेको छ। दलित समुदायको घाट अलग रहेको र गैरदलित समुदायको दाहसंस्कार गर्ने ठाउँ अलग रहेको बारेकोट गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गोविन्द सिंहले जानकारी दिए।

गाउँगाउँको फरक-फरक ठाउँमा दाहसंस्कार गर्नका लागि ठाउँ बनाएका हुन्छन् उनले भने, 'विगतदेखि नै फरक ठाउँमा मानिसको मृत्युपछि जलाउने ठाउँ पनि फरक रहँदै आएका छन्। दलित समुदायको फरक र गैरदलित समुदायको मृत शरीर जलाउने ठाउँ अलगै छ।' जिल्लाका अन्य ठाउँमा समेत गैरदलित र दलित समुदायको घाट अलग रहँदै आएको छ। सबैको एकै ठाउँमा घाट हुँदा अनिष्ट हुने र हेला गरेको अर्थ लाग्ने भन्दै फरक ठाउँमा गरिएको बूढापाका बताउँछन्। पहिले नै पुर्खाले घाट रोज्दा यसरी नै रोजेर काम गर्दै आएका कारण हामीले समेत सोही कुरालाई निरन्तरता दिएको नलगाड नगरपालिका-८ का हर्कबहादुर खत्रीले जानकारी दिए।

सदरमुकाम खलङ्गाको शिवालय भने सबै जातिको एकै ठाउँमा दाहसंस्कार गर्दै आएको स्थानीयवासी सहदेव बस्नेतले बताए। उनले भने, ' जिल्लाभरिका अधिकांश शवहरू यही शिवालय क्षेत्रमा जलाउने भएकाले खास जातिगत घाट भन्ने छैन। जिल्ला अस्पतालमा मृत्यु भएकादेखि कुनै पनि प्रकोपबाट मृत्यु भएका सबैको यही जलाउने गरिन्छ।' परम्पराका रूपमा स्थापित भएको अलग ठाउँमा शव जलाउने चलन जाजरकोटमा धार्मिकरूपमा समेत हेर्ने गरिएको छ।

गैरदलित समुदायका मानिसको मृत्यु हुँदा दलित समुदायका मानिस, फलामका भाँडा बनाउने मानिस शव जलाउने काठ संकलनको जिम्मा लिने गरेका छन्। शव घरबाट उठाएर जलाउने (घाट) ठाउँसम्म जाँदा दमाहहरूलाई उल्टो बाजा बजाउने चलनसमेत स्थापित छ। गैरदलित समुदायको कपडा सिलाइ (खलोप्रथा) बाली पाकेपछि अन्न लिने दमाइ जातिका मानिसले मृत शवसँग मलामी जानुका साथै दमाह लिएर उल्टो बाजा बजाएर सोवापतको केही पैसा लिने गरेका छन्। दमाह नबजाए शवलाई दाहसंस्कार गर्ने ठाउँसम्म लान नमिल्ने धार्मिक विश्वास रहेको छ।

त्यस्तै मृतकका आफन्तले शवसँग हालेको बाड (लामो कपडा) समेत बाँडेर लिने गरेको दमाइ जातिका मानिस बताउँछन्। सो कपडा मृतकको घरका आफन्तको आर्थिकरूपमा सवल हुनेले बढी प्रयोग गर्छन् भने आर्थिकरूपमा कमजोर हुनेले कम हाल्ने गर्छन्। धनीले ३०० मिटर जति लामो कपडा प्रयोग गर्छन् भने गरिबले आफ्नो क्षमताअनुसार प्रयोग गर्दै आएका छन्। दलित समुदायका व्यक्तिहरू मृत्यु हुँदा गैरदलित समुदायका व्यक्ति काठ संकलन गर्न नजाने गरेको पाइएको छ। गैरदलित समुदायको दाहसंस्कारमा ब्राह्मण गएर मन्त्र जप्ने गर्छन् भने दलित समुदायको मृत्यु संस्कारमा दिदीबहिनी र छोरीको भरमा गरिँदै आइएको दलित अगुवाको गुनासो छ।

हाम्रो समाजमा अझै पनि दलितमाथि ठूलो विभेद कायम छ भन्ने कुराको योभन्दा अर्को उदाहरण हुन नसक्ने दावी दलित अगुवाको छ। 'दलित र गैरदलितका रूपमा विभेद गर्नु कानूनी रूपमा दण्डनीय भए पनि सामाजिक रूपमा भने यस्तो विभेद अझै कायम छ' उनीहरू भन्छन्, 'सरकारले कडाइका साथ कानून कार्यान्वयन नगरेकाले अहिलेसम्म विभेद कायमै छ।' जातीय विभेद अन्त्यका लागि जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनबारे सरकारले व्यापक रूपमा जनचेतना फैलाउनुपर्ने उनीहरूको भनाइ छ।

प्रभाव दैनिक
National Daily




## यु-ट्युबमा तारेभीर

नेपाली फिल्म 'तारेभीर' यु-ट्युबमा दर्शकले रूचाएका छन्। प्रेम सुब्बाद्वारा निर्देशित यो फिल्म लकडाउनकै अवधिमा यु-ट्युबमा रिलिज गरिएको हो। देउकृष्ण देवनको निर्मण रहेको यो फिल्ममा विष्णु चेम्जोङ, रेखा फागो, नविन कार्की, प्रेम सुब्बालगायतको अभिनय रहेको छ। फिल्म नारीप्रधान तथा राष्ट्रभावमा आधारित छ।



बुधबार, ३१ बैशाख २०७७ (Wednesday, May 13, 2020)

# बोर्ड अध्यक्ष बन्न चार जनाको आवदेन

■ प्रभाव संवाददाता





**काठमाडौं–** चलचित्र विकास बोर्ड अध्यक्षको अध्यक्ष बन्ने होड लागेको छ। केही दिनअघि मात्र विकास बोर्डले रिक्त रहेको अध्यक्ष पदका लागि उम्मेदरवारी आह्वान गरेको थियो। यसैक्रममा अहिलेसम्म अध्यक्ष बन्न चार जनाले आवदेन दिएका छन्। सुरुबाटै अध्यक्षका लागि चर्चा आएका निर्देशक दयाराम दाहालदेखि अभिनेता भुवन केसीसम्मले बोर्ड अध्यक्ष बन्न आवदेन दिएका छन्।

नेपाली फिल्म क्षेत्रमा लामो समयदेखि कार्यरत निर्देशक दाहाल पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटाको नजिकको मान्छे मानिन्छन्। त्यसैले पनि उनको नाम बोर्ड अध्यक्षको दावेदारका रूपमा चर्चामा रहेको छ।

बास्कोटा हाल मन्त्री पदमा नरहेपनि प्रधानमन्त्री ओली निकट रहेका कारण दाहाललाई अध्यक्ष पदका लागि सबैभन्दा बलियो दाबेदारको रूपमा लिइएको छ। यसअघिका अध्यक्ष स्व. केशब भट्टराईले अघि सारेका नीति तथा योजनाहरूमा समेत दाहालको प्रत्यक्ष सहभागिता रहेको थियो। त्यसैले यसपटक दाहाल अध्यक्ष बन्ने सम्भावना बलियो छ।

यस्तै, अभिनेता भुवनले पनि विकास बोर्ड अध्यक्ष पदको लागि आवेदन दिएका छन्। अघिल्लोपटक पनि अध्यक्ष पदका लागि उनको नाम चर्चामा आएको थियो। अभिनेता भुवन नेकपा नेता माधवकुमार नेपाल निकटस्थ मानिन्छन्। त्यस्तै अघिल्लोपटक प्रधानमन्त्री ओलीले उनलाई आवेदन दिन भनेका थिए।

उनले आफ्नो सम्पूर्ण समय फिल्म क्षेत्रलाई दिएको र आफ्नो छोरालाई पनि यही क्षेत्रमा ल्याएकोबारे बेला-बेला कुरा गरिरहेका हुन्छन्। 'जुनी' फिल्मबाट डेब्यु गरेका भुवन सम्भवतः नेपाली फिल्ममा सबैभन्दा धेरै हिट फिल्म दिने अभिनेता हुन्। उनले थुप्रै फिल्महरू निर्माण पनि गरिसकेका छन् भने 'ड्रिम्स' उनले निर्देशन पनि गरेका थिए। यस्तै, कलाकार भीमा मैनालीले चलचित्र विकास बोर्डको अध्यक्ष पदका लागि आवेदन दिएकी छन्। योपटक न्युनतम योग्यता घटाइएकोले कसैलाई लक्षित गरेर त्यस्तो गरिएको होकि भन्ने ठानेर केही दिन अघिसम्म उनी आवेदन दिने कि नदिने दोधारमा थिइन्। तर, साथीहरूको सल्लाह र सुझावले अध्यक्ष पदमा आवेदन दिएको उनको भनाइ छ। यस्तै, बोर्ड अध्यक्षका लागि संगीतकर्मी तथा फिल्म निर्माता अर्जुन कुमारले पनि आवेदन दिएका छन्। उनले सबैभन्दा पहिलो आवेदन दिएका हुन्।

विसं २०४६ देखि एमालेमा लागेका अर्जुन कुमारले लामो समय एमालेको जन सांस्कृतिक महासंघमा काम गरेका थिए। पुरानाहरू सबै 'टेस्टेड' भएको भन्दै बोर्डमा अब नयाँ मान्छेको आवश्यकता रहेको बताउँदै उनले बोर्ड अध्यक्षमा उम्मेदवारी दिएको बताएका छन्। फिल्म उद्योग बुझेको मान्छे चाहिने भएकाले खुला प्रतिस्पर्धामा कोही पनि आफु जति सक्षम नरहेको उनको दावी छ। फिल्म उद्योगमा लामो समय काम गरेका अर्जुन कुमारका थुप्रै गीतहरू चर्चित छन्। फिल्ममा भने उनले पहिलो पटक 'द युगदेखि युगसम्म'मा संगीत दिएका थिए। 'चपली हाइट' बाट फिल्म निर्माण शुरु गरेका उनले 'चपली हाइट (२', 'फिटकिरी', 'फाटेको जुत्ता' र 'चपली हाइट (३' निर्माण गरेका छन्।



# म पक्राउ परेकी छैन : पुनम

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय मोडल पुनम पाण्डेले इन्स्टाग्राममा एउटा भिडियो सेयर गर्दै आफू पक्राउ परेको खबरको खण्डन गरेकी छन्। यसअघि लकडाउनको नियम उल्लंघन गरेकोमा मुम्बई पुलिसले पक्राउ गरेको बताइएको थियो। पुनमले यसबारे भिडियो बनाएर जानकारी दिइन्। आफू घरमै भएको र ठिक रहेको उनले बताएकी छन्।

पुनम सन् २०११ को विश्वकपका बेला अत्यधिक चर्चामा आएकी थिइन्, जब उनले टिम इन्डियाले जितेको खण्डमा नग्न हुने घोषणा गरेकी थिइन्। उनले सन् २०१३ मा बलिउड फिल्म नशाबाट डेब्यू गरेकी थिइन्, जसमा उनी एक शिक्षकको भूमिकामा थिइन्। पुनम आजकाल आफ्नो मोबाइल एपमा व्यस्त छिन् जसमा उनी आफ्ना फोटो र भिडियो सेयर गरिरहेकी हुन्छिन्।

# बेलायतबाट गोर्खा गन्स प्रकाशित

■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार तथा युद्धसाहित्यका एक अभियन्ता गणेश राईको फोकल्यान्ड युद्धसम्बन्धि संस्मरणात्मक कृति 'गोर्खा गन्स' बेलायतबाट प्रकाशित भएको छ।

अवकाशप्राप्त ब्रिटिस-गोर्खा सैनिक राईको उक्त कृति बेलायतको प्रतिष्ठित प्रकाशनगृह द कनराड प्रेसबाट हालै प्रकाशित भएको हो। 'राईफलले फलाकेको जिन्दगी' कविता संग्रहका साथै 'राईफलको नालबाट जीवन नियाल्दा,' 'युद्ध एम्बुसमा राईफलको संगीत', 'राईफलको मूर्च्छना' र 'फोकल्यान्ड जर्नल'जस्ता आख्यानात्मक कृतिका स्रष्टा राईको 'गोर्खा गन्स' उनको 'फोकल्यान्ड जर्नल'को अंग्रेजी अनुवाद हो।

कवि, समालोचक तथा अनुवादक सुरेश हाचेकालीद्वारा अनूदित 'गोर्खा गन्स'मा फोकल्यान्ड युद्धको यथार्थ चित्रण गरिएको छ। उक्त कृतिबाट गोर्खालीहरूको सौर्य, बहादुरी, त्याग र बलिदानको सत्यतथ्य इतिहासको पुनर्लेखन गर्नमा महत्वपूर्ण मद्दत पुग्ने देखिन्छ। यसका साथै फोकल्यान्ड युद्धका बेला गोर्खाली सैनिकहरूमाथि थोपरिएका अनेक खाले भ्रामक अफवाहहरूको निर्मलीकरण गर्नमा समेत उक्त कृति सफल रहेको छ।

फोकल्यान्ड युद्धका बारेमा अंग्रेजी लेखकका अनेकौं पुस्तकहरू प्रकाशित भएका छन्। तर, स्वयं फोकल्यान्ड युद्ध लडेका गोर्खा सैनिक राईद्वारा लेखिएको उक्त कृतिले फोकल्यान्ड युद्ध र सो युद्धमा गोर्खालीहरूले निर्वाह गरेका भूमिकाका बारेमा ओझेलमा पारिएका सत्यहरूको उत्खनन् गरेको छ।

प्रसिद्ध बेलायती अभिनेत्री जोअना लुम्लेले उक्त कृतिलाई 'एउटा युवा गोर्खा सैनिकको मष्तिस्कमा फोकल्यान्ड युद्धका समयमा चित्रित अमूल्य झलक र सैनिकहरूको साधारण तर हृदयविदारक कथा' भनेकी छन्। एक सय ७६ पृष्ठको उक्त कृति बेलायतका सबै पुस्तक पसलका साथै वाटरस्टोन्स, बुक डिपोजिटरी र अमाजन आदिमा उपलब्ध छ।




## रंगशाला

# महिला विश्वकप छनोट प्रतियोगिता स्थगित



■ एजेन्सी

**कोलम्बो –** कोरोना भाईरसको महामारीको कारण श्रीलंकामा तय भएको आईसीसी महिला विश्वकप छनोट प्रतियोगिता स्थगित भएको छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) ले मंगलबार जुलाईमा तय भएको महिला विश्वकप छनोट स्थगित गरिएको जनाएको छ।

सन् २०२१ मा न्युजिल्याण्डमा आयोजना हुने विश्वकपका लागि छनोट खेल जुलाई ३ देखि १९ सम्म हुने तालिका रहेको थियो।

छनोटमा आयोजक श्रीलंकासँगै बंगलादेश, आयरल्याण्ड, नेदरल्याण्डस, पाकिस्तान, पपुवा न्युगिनी, थाइल्याण्ड, अमेरिका, वेष्ट इण्डिज र जिम्बावेको सहभागिता रहने तालिका रहेको थियो।

उक्त छनोटबाट तीन टोलीले विश्वकपमा स्थान बनाउने छन्।

यस्तै आईसीसीले यू(१९ विश्वकपका लागि युरोपियन छनोट समेत स्थगित गरिएको जनाएको छ। सन् २०२२ मा आयोजना हुने विश्वकपको छनोट डेनमार्कमा हुने तय थियो। छनोट खेल जुलाई २४ देखि ३० सम्म हुने बताईएको थियो।

कोरोनाको कारण आईसीसीले यस अघि पुरुषको टेष्ट च्याम्पियनसिप, विश्व क्रिकेट लिगसहित अन्य ठुला प्रतियोगिता स्थगित गरिसकेको छ।

# रूपन्देही जिल्ला फुटबल संघद्वारा कोरोना कोषमा १ लाख १ हजार सहयोग

■ प्रभाव संवाददाता

**बुटवल –** महामारीको फैलिएको कोरोना भाईरस रोकथामका लागि रूपन्देही जिल्ला फुटबल संघले आर्थिक सहयोग गरेको छ।

सामाजिक उत्तरदायित्व अन्तर्गत रूपन्देही जिल्ला फुटबल संघले बुटवल उप-महानगरपालिकालाई १ लाख १ हजार रूपैयाँ आर्थिक सहयोग गरेको हो।

जिल्ला फुटबल संघका अध्यक्ष दिर्घबहादुर केसी (कुमार)ले उपमहानगरका मेयर शिब सुबेदीलाई सहयोग रकम हस्तान्तरण गरेका थिए।

उनले सामाजिक उत्तरदायित्व सम्झिएर फुटबल संघ परिवारकातर्फबाट स्थानीय नगरपालिकालाई आर्थिक सहयोग गरेको बताएका छन्। संघले उपमहानगरको बिपत व्यवस्थापन राहत कोषमा सो रकम प्रदान गरेको हो।



जिल्ला फुटबल संघले प्रत्येक बर्ष तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिता समेत आयोजना गर्दै आएको छ।

# फिफा यू-१७ महिला फुटबल २०२१ मा हुने




■ एजेन्सी

**नयाँदिल्ली –** भारतमा आयोजना हुने फिफा यू-१७ महिला विश्वकप फुटबलको नयाँ मिति तय भएको छ। कोरोना भाईरसको महामारीको कारण स्थगित प्रतियोगिता अर्को वर्ष हुने भएको छ।

विश्व फुटबलको सर्वोच्च निकाय फिफाले विश्वकप सन् २०२१ को फेब्रुवरी १७ देखि ७ मार्चसम्म हुने जनाएको छ।

यस अघि प्रतियोगिता यहिँ नोभेम्बर २ देखि २१ सम्म भारतको विभिन्न पाँच शहरमा हुने तय थियो। यस्तै फिफाले यू-२० महिला विश्वकप आगामी वर्षको जनवरीमा गर्ने जनाएको छ।

कोस्टारिका र पानमामा तय भएको प्रतियोगिता जनवरी २० देखि ६ फेब्रुवरीसम्म हुनेछ। यस अघि सेप्टेम्बर र अगष्टमा तय भएको थियो।

फिफाले लिथुनियामा हुने फुटसलको विश्वकपको समेत नयाँ मिति तय गरेको छ। फिफाले सन् २०२१ को सेप्टेम्बर १२ देखि ३ अक्टोबरसम्म हुने जनाएको छ।